# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७७/०७८
च.नं.: १६१

मिति : २०७७/०९/२१

श्री सबै बिद्यालयहरु
पालुङटार नगरपालिका
पालुङटार,गोरखा

विषय :- विविध विषय कार्यान्वयनका सम्वन्धमा ।

प्रस्तुत विषयमा यस पालिका अन्तरगत संचालित विद्यालयहरुले तपसिलमा उल्लेख भएका विषयमा उल्लेख भएनुसार गर्नु गराउनुहुन निर्देशन गरीन्छ ।

तपसिल

१. विश्वव्यापी माहामारीको रुपमा फैलीएको कोरोना भाइरस (कोभिड १९) हाल नेपालमा न्यूनिकरणहुँदै गएको अवस्था भएतापनि यस रोग बाट सुरक्षीत हुने उपायहरु आ–आफ्नो विद्यालयमा नियमित रुपमा अवलम्वन गर्नु गराउनु हुन साथै छात्र/छात्रा र अभिभावक लाई सचेतना गराउनु हुन ।

२. यस पालिका अन्तर्गत संचालित केही सामुदायीक विद्यालयहरुको गत आ.व.को सामाजिक लेखा परिक्षण प्रतिवेदन हालसम्म पनि यस शाखामा प्राप्त नभएकाले यस पत्रको मितिले ७ दिन भित्र अनिवार्य रुपमा बुझाउनु हुन ।

३. यस पालिका अन्तर्गत संचालित केही सामुदायीक विद्यालयहरुको गत आ.व.मा गरीएको लेखा परिक्षण प्रतिवेदन हालसम्म पनि यस शाखामा प्राप्त नभएकाले सबै विद्यालय र सम्बन्धित लेखा परिक्षकले यस पत्रको मितिले ७ दिन भित्र अनिवार्य रुपमा बुझाउनुहुन ।

४. संघिय सरकार बाट प्राप्त दिवा खाजा मिति २०७७।०९।०१ र २०७७।०९।०२ को प्रधानाध्यापकहरुको बैठक बाट समेत संचालन गर्ने निर्णय भएकोले विद्यालयमा अध्ययन अध्यापन कार्यभएका दिन, विद्यार्थी उपस्थित भएको संख्याको आधारमा, बालकक्षा देखि कक्षा ५ सम्मको विद्यार्थीका लागि दैनिक प्रति विद्यार्थी रु १५ प्राप्त हुने

बाबु राम कारखेती
नगर शिक्षा अधिकारी
अधिकृत दशौं

Scanned with CamScanner

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७७/०७८
च.नं.:

मिति : २०७७/०९/२१

व्यवस्था अनुरुप आ–आफ्नो विद्यालयमा कहिले देखी के कसरी संचालन भएको छ, यस पत्रको मितिले ७ दिन भित्र यस कार्यलयमा जानकारी गर्नुहुन ।

५. कार्यालय वा विद्यालय प्रशासन संचालन र स्वयम विद्यार्थी साथै निजको अभिभावकले समेत वारम्वार दुःख पाएको सम्वन्धमा यस कार्यालयको ध्यानाकर्षण भएको छ तसर्थ विद्यार्थी भर्ना अभिलेखमा अभिभावक (आमा, बुबा, दाजु, दिदी, हजुरआमा, हजुरबुबा.... नियमानुसार को हो), जन्म मिति, जात, थर जस्ता विषयमा कक्षा ८, एस.ई.ई. लगायत पछि सम्म फरक नपर्ने गरी राख्ने व्यवस्था मिलाउनुहुन ।

बाबु राम कारखेती
नगर शिक्षा अधिकारी
अधिकृत दशौं

बोधार्थ एवं कार्यर्थ

श्री वडा शिक्षा समिति (सबै) :– उपरोक्तानुसारका विषयमा अनुगमन एवं निरीक्षण गरी कार्यन्वयन गर्न सहजिकरण गरीदिनुहुन ।

Scanned with CamScanner